# प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

२०७५

# प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

**सुदूरपश्चिम प्रदेश**

**प्रस्तावनाः-** स्वच्छ वातावरणको संरक्षण सम्बर्द्धन गर्न, वातावरणीय असन्तुलन र ह्रासबाट मानव जाति, जीवजन्तु, वनस्पति, प्रकृति, वायुमण्डल तथा भौतिक वस्तु माथि हुनसक्ने प्रतिकूल असरलाई कम गरी मानव जाति तथा सम्पूर्ण जीव जगतलाई स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई सुनिश्चित गर्न र प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापनबाट वातावरण संरक्षण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा १९७ बमोजिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"सुदुरपश्चिम प्रदेश वातावरण संरक्षण ऐन, २०७५"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, –

(क) "जैविक विविधता" भन्नाले पारिस्थितिकीय प्रणाली (इकोसिस्टम) को विविधता, प्रजातीय विविधता (स्पेसिज डाइभरसिटी) तथा आनुवांशिक विविधता (जेनेटिक डाइभरसिटी) सम्झनुपर्छ ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ग) "निष्काशन" भन्नाले ध्वनी, ताप वा फोहर मैला फाल्ने, थुपार्ने वा निष्काशन गर्ने कार्य सम्झनुपर्छ ।

(घ) "प्रदुषण" भन्नाले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनुपर्छ ।

(ङ) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन प्रचलित कानून बमोजिम सञ्चालन गरिने वा अनुमति प्राप्त विकास कार्य, भौतिक क्रियाकलाप वा भू–उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनुपर्छ ।

(च) "प्रस्तावक" भन्नाले आयोजना वा परियोजना वा कार्यक्रमहरूको प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने र त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति, सरकारी, अर्ध सरकारी वा गैर सरकारी निकाय वा संस्था सम्झनुपर्छ ।

(छ) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले कुनै प्रस्ताव कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा हटाउन वा कम गर्न सकिने वा नसकिने सम्बन्धमा यकीन गर्न तयार गरिने विश्लेषणात्मक अध्ययन तथा मूल्यांकन सम्बन्धी प्रतिवेदन सम्झनुपर्छ ।

(ज) "फोहर मैला" भन्नाले वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएको तरल, ठोस, ग्यांस, लेदो, धूवाँ, धूलो, विकिरणयुक्त तत्व वा पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु सम्झनुपर्छ ।

(झ) "मन्त्रालय" भन्नाले सुदुरपश्चिम प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनुपर्छ ।

(ञ) "वातावरण" भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यिनका अवयवहरु तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनुपर्छ ।

(ट) "वातावरणीय प्रभाव मूल्यांकन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा हटाउन वा कम गर्न सकिने वा नसकिने सम्बन्धमा यकीन गर्न तयार गरिने विस्तृत अध्ययन तथा मूल्यांकन सम्बन्धी प्रतिवेदन सम्झनुपर्छ ।

(ठ) "सम्बन्धित निकाय" भन्नाले प्रचलित कानून वमोजिम बेला बेलामा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिएका निकाय भन्ने सम्झनुपर्छ ।

(ड) "सम्पदा" भन्नाले प्रदेशको प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट मानव जातिका लागि महत्वपूर्ण मानिने वातावरणसंग सम्बन्धित कुनै पनि वस्तु, स्थल, वनस्पति तथा जीव जन्तु सम्झनुपर्छ ।

(ढ) "संरक्षण" भन्नाले वातावरण तथा सम्पदाको सुरक्षा, स्याहार, सम्भार, सम्बर्द्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनुपर्छ ।

३. **प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन गर्नुपर्नेः** प्रस्तावकले आयोजना वा परियोजना वा कार्यक्रम सन्चालन गर्नुपर्दा संघीय सरकार र प्रदेश सरकारबाट तोकिए बमोजिमका प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्यांकन गर्नु पर्नेछ ।

४. **प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न नहुनेः** यो ऐन प्रारम्भ भएपछि कसैले पनि संघीय सरकार वा मन्त्रालयबाट तोकिए बमोजिमको प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न, गराउन हुँदैन ।

५. **प्रस्ताव स्वीकृतिको लागि पेश गर्नु पर्नेः** कुनै प्रस्ताव कार्यान्वयन गर्न चाहने प्रस्तावकले सो प्रस्तावको तोकिए बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रतिवेदन संलग्न गरी त्यस्तो प्रस्ताव स्वीकृतिको लागि सम्बन्धित निकायमार्फत् मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ । प्रारम्भिक वातावरणीय परीक्षणको हकमा मन्त्रालयले उक्त प्रस्ताव उपर १५ दिन भित्र निर्णय दिनु पर्नेछ ।

६. **प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति दिन सक्नेः** (१) दफा ५ बमोजिम कुनै प्रस्ताव प्राप्त भएमा सम्बन्धित निकायले सो प्रस्ताव साथ संलग्न प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने नदेखिएमा सिफारिससाथ मन्त्रालयमा पेश गरी प्रारम्भिक वातावरणीय परीक्षण गरिएको प्रस्तावको हकमा मन्त्रालयले स्वीकृति दिनेछ र वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन सम्बन्धमा संघीय कानुन बमोजिम गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रारम्भिक वातावरणीय परीक्षण गरिएको प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन पनि गर्नुपर्ने देखिएमा सम्बन्धीत निकायले सो प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन गर्न आदेश दिन सक्नेछ । यसरी सम्बन्धित निकायले दिएको आदेश बमोजिम कुनै प्रस्तावकले वातावरणीय प्रभाव मूल्यांकन गरी प्रस्ताव स्वीकृतिको लागि पेश गरेमा सो प्रस्ताव उपर आवश्यक जाँचबुझ गरी आफनो राय सहित मन्त्रालयले सो प्रस्ताव संघीय मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम कुनै प्रस्ताव साथ वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रतिवेदन प्राप्त भएमा मन्त्रालयले सो प्रतिवेदनका सम्बन्धमा प्रचलित संघीय वातावरण ऐन, नियम बमोजिम कार्य प्रकृया अघि बढाउनु पर्नेछ ।

(४) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रतिवेदनबाट प्रस्तावको कार्यान्वयन गर्दा वातावरणमा पर्ने उल्लेखनीय प्रतिकूल प्रभावलाई कम वा नियन्त्रण गर्न सकिने देखिएमा मन्त्रालयले प्रस्तावकलाई आवश्यक शर्तहरु तोकी प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति दिन सक्नेछ ।

(५) प्रदेश सरकारबाट सञ्चालन हुने आयोजना वा परियोजना वा कार्यक्रमको प्रारम्भिक वातावरणीय प्रभाव मुल्यांकन सम्बन्धी कार्य प्राथमिकता राखी सम्पन्न गर्नुपर्नेछ ।

(६) प्रारम्भिक वातावरणीय परीक्षण कार्यान्वयन गर्न स्वीकृति दिनु पर्ने अवधि र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **रोक लगाउन सक्ने**: (१) दफा ६ बमोजिम स्वीकृति नलिई कसैले कुनै प्रस्ताव कार्यान्वयन गरेमा वा स्वीकृत भए भन्दा विपरीत हुने गरी कार्यान्वयन गरेमा तोकिएको अधिकारीले त्यस्तो प्रस्ताव कार्यान्वयनमा तुरुन्त रोक लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्न रोक लगाइएकोमा प्रस्तावकले कुनै किसिमको क्षतिपूर्तिको लागि दाबी गर्न पाउने छैन ।

(३) उपदफा (१) बमोजिम स्वीकृती नलिई कार्यान्वयनमा रोक लगाइएको प्रस्तावको हकमा दफा ६ बमोजिमको प्रकृया पुरा गरी स्वीकृति प्राप्त गरे पश्चात र स्वीकृत भए भन्दा विपरीत कार्यान्वयन भएको प्रस्तावको हकमा प्रस्ताव बमोजिम कार्यान्वयन गरेमा तोकिएको अधिकारीले त्यस्तो प्रस्तावको कार्यान्वयन फुकुवा गर्न सक्नेछ ।

८. **प्रदुषणको रोकथाम तथा नियन्त्रणः** (१) कसैले पनि वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पार्ने गरी वा जन जीवन र जन स्वास्थ्यका लागि खतरा हुन सक्ने किसिमले प्रदुषण सृजना गर्न वा तोकिएको मापदण्ड विपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान वा अन्य ठाउँबाट ध्वनी, ताप, रेडियोधर्मी विकिरण तथा फोहरमैला निष्काशन गर्न, गराउन हुँदैन ।

(२) उपदफा (१) विपरीत कसैले कुनै कार्य गरी वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पारेको प्रमाणित भएमा सम्बन्धित निकायले तत् सम्बन्धमा आवश्यक शर्तहरु तोक्न वा त्यस्तो कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(३) कुनै किसिमको पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेको वा पर्ने प्रमाणित भएमा मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगमा बन्देज लगाउन सक्नेछ ।

(४) प्रदुषणको रोकथाम तथा नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. **वातावरण निरीक्षकः** (१) प्रदुषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने तथा प्रारम्भिक वातावरणीय परीक्षण अनुसार गर्नु पर्ने कामहरु प्रभावकारी रुपले गर्न गराउन वातावरण निरीक्षकको व्यवस्था गरिनेछ र त्यस्तो व्यवस्था नभएसम्मको लागि मन्त्रालयले सो सम्बन्धी कार्य गर्न कुनै अधिकारीलाई तोक्न सक्नेछ ।

(२) वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) प्रदुषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने,

(ख) कुनै ठाउँबाट ध्वनी, धुँवा, ताप वा फोहर मैला निष्काशन गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने,

(ग) प्रस्ताव कार्यान्वयन गर्ने स्वीकृति दिंदा तोकिएका शर्तहरु बमोजिम काम भए नभएको जाँचबुझ तथा निरीक्षण गर्ने,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम निरीक्षण गर्दा देखिएका कुराहरुको प्रतिवेदन तोकिएको अधिकारी समक्ष पेश गर्ने ।

(३) उपदफा (२) को खण्ड (क), (ख) र (ग) बमोजिम निरीक्षण गर्ने सिलसिलामा वातावरण निरीक्षकले प्रयोगशालामा परीक्षण गरी सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई पूर्व सूचना दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेशिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुहरुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकलाई सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकले आवश्यक सहयोग गर्नु पर्नेछ ।

(५) उपदफा (२) र (३) बमोजिम वातावरण निरीक्षकले निरीक्षण गर्न जाँदा कुनै व्यक्ति वा संस्थाले निरीक्षण गर्न नदिएमा वा निरीक्षणमा असहयोग गरेमा वा निरीक्षणमा बाधा विरोध

उत्पन्न गरेमा त्यस्ता व्यक्ति वा संस्थालाई वातावरण निरीक्षकले एक हजार देखि बिस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम वातावरण निरीक्षकले गरेको सजाय उपर चित्त नबुझ्ने व्यक्तिले तोकिएको अधिकारी समक्ष उजुरी गर्न सक्नेछ र त्यस्तो उजुरीमा तोकिएको अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ ।

(७) वातावरण निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१०. सम्पदाको संरक्षणः** (१) प्रदेशमा रहेका सम्पदाको संरक्षण गर्नु सम्बन्धित निकाय वा स्थानीय तहको कर्तव्य हुनेछ ।

(२) तोकिएका वा सम्बन्धित निकाय वा स्थानीय तहले प्रदेश भित्रका विश्व सम्पदा सूचीमा परेका वस्तु वा स्थलहरू लगायतका सम्पदाको पञ्जिका तयार गरि अभिलेख राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको पञ्जिकामा समावेश भएका वस्तु, स्थल, वनस्पति, जीवजन्तु आदिको संरक्षण तोकिए बमोजिम गरिनेछ ।

**११. वातावरण संरक्षण सम्बन्धी विशेष व्यवस्थाः** (१) प्रदेश सरकारले वातावरण संरक्षणका दृष्टिले अति महत्वपूर्ण मानिने प्राकृतिक सम्पदा, सौन्दर्यपरक स्थल, दुर्लभ वन्यजन्तु, वनस्पति वा जैविक विविधतायुक्त स्थल वा ऐतिहासिक वा सांस्कृतिक महत्वको स्थललाई संघीय कानूनसंग नबाझिने गरी प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्नेछ ।

(२) कुनै सडक, भवन, नदी व्यवस्थापन, शहरी योजना वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा प्रचलित संघीय कानूनसंग नवाझिने गरि सम्बन्धित निकायसँगको समन्वयमा प्रदेश सरकारले कुनै क्षेत्र वा क्षेत्रफल निर्धारण गरी कुनै क्षेत्र विशेषलाई वातावरण संरक्षण गर्ने उद्देश्यले खुला वा हरियाली क्षेत्रको रुपमा तोक्न वा घोषणा गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम कायम गरिएको संरक्षण क्षेत्र तथा खुला वा हरियाली क्षेत्रभित्र त्यस्तो क्षेत्रलाई हानि नोक्सानी हुने कुनै पनि काम गर्न नपाउने गरी रोक लगाउन सकिनेछ ।

(४) कुनै क्षेत्र वा स्थान विशेषमा अत्यधिक वातावरणीय प्रदुषण, भूःस्खलन, प्राकृतिक सम्पदाको अत्यधिक दोहन वा प्राकृतिक विपत्ति हुन गई जनस्वास्थ्य वा वातावरणमा नकारात्मक असर परेको वा पर्ने सम्भावना देखिएको अवस्थामा प्रदेश सरकारले सम्बन्धित स्थानीय तहको

परामर्शमा त्यस्तो क्षेत्र वा स्थानलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोकी वातावरणीय सन्तुलन, व्यवस्थापन वा वातावरणीय पुर्नस्थापनाको लागि कुनै उपयुक्त आदेश दिन वा योजना बनाई कार्यान्वयन गर्न सक्नेछ ।

(५) प्रदेश सरकारले कुनै हानिकारक वा जोखिमयुक्त पदार्थ वा फोहरमैला भण्डारण वा विसर्जन गरिएको स्थान वा अन्य कारणले अत्यधिक वातावरण प्रदुषण भएको स्थानलाई प्रदुषणजन्य क्षेत्र तोकी सर्वसाधारणको आवत जावतमा रोक लगाउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिमका क्षेत्रको जोखिम घटाउन सुझाएका सुझावहरु कार्यान्वयन गर्नु र सार्वजनिक सुरक्षाको प्रबन्ध मिलाउन स्थानीय तहको समेत दायित्व रहनेछ ।

(७) उपदफा (४) र (५) बमोजिमको स्थानमा वातावरणीय दृष्टिले सुधार भई त्यस्तो क्षेत्रलाई संवेनदशील क्षेत्र वा प्रदुषणजन्य क्षेत्रको रुपमा कायम राखी राख्न आवश्यक नभएमा प्रदेश सरकारले त्यस्तो स्थानलाई संवेदनशील क्षेत्र वा प्रदुषणजन्य क्षेत्रको सूचीबाट हटाउन सक्नेछ ।

**१२. प्रयोगशालाको स्थापनाः** (१) वातावरण संरक्षण तथा प्रदुषण नियन्त्रण सम्बन्धी कार्यमा सहयोग पुऱ्याउने प्रदेश सरकारले प्रयोगशालाको स्थापना गर्न सक्नेछ वा नेपाल सरकारसंग समन्वय गरी नेपाल सरकारले स्थापना गरेका प्रयोगशालाबाट समेत प्रदुषण जाँच तथा मापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिएका प्रयोगशालाको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१३. नमूना संकलन गर्न दिनु पर्नेः** कुनै पनि उद्योग, कारखाना, यन्त्र, सवारी साधन, आदिबाट सृजना वा निष्काशन हुने वा हुनसक्ने प्रदुषण, ध्वनी, ताप तथा फोहर मैलाको अध्ययन, प्रदुषणको कारणले मरेका जीवजन्तु वा वनस्पतिको नमुना परीक्षण वा विश्लेषण गर्नको लागि सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकले सम्बन्धित निकायबाट अधिकार प्राप्त व्यक्ति वा संस्थालाई आवश्यकता अनुसार त्यस्ता वस्तु वा पदार्थको नमूना संकलन गर्न दिनु पर्नेछ ।

**१४. वातावरण संरक्षण कोषको स्थापना र सञ्चालनः** (१) वातावरणको संरक्षण, प्रदुषणको रोकथाम तथा नियन्त्रण र सम्पदाको संरक्षणको लागि प्रदेश वातावरण संरक्षण कोष नामको एउटा कोषको स्थापना हुनेछ ।

**१५. प्रदेश वातावरण संरक्षण विज्ञ समूह गठन गर्न सक्नेः** वातावरण संरक्षण सम्बन्धी विषयमा प्रदेश सरकारलाई नीतिगत मार्गदर्शन र राय सल्लाह दिन तथा विभिन्न निकायहरुबीच समन्वय समेत गर्नको लागि प्रदेश सरकारले वातावरण सम्बन्धी विशेषज्ञ तथा प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनैतिक दलका प्रतिनिधिहरुको समेत प्रतिनिधित्व रहने गरी प्रदेश वातावरण संरक्षण विज्ञ समूहको गठन गर्न सक्नेछ ।

**१६. सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेः** वातावरण संरक्षणमा सकारात्मक प्रभाव पार्ने कुनै व्यक्ति, संस्था, उद्योग, व्यवसाय, प्रविधि वा प्रकृयालाई प्रोत्साहित गर्न प्रचलित कानून बमोजिम तोकिएको सहुलियत तथा सुविधा प्रदेश सरकारले प्रदान गर्न सक्नेछ ।

**१७. क्षतिपूर्ति भराईदिनेः** (१) कसैले प्रचलित ऐन, कानून वा यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका विपरीत प्रदुषण, ध्वनी, ताप वा हानिकारक फोहरमैला उत्सर्जन वा निष्काशन गरेको वा कुनै दुर्घटनाजन्य प्रदुषणका कारणबाट कुनै व्यक्ति वा संस्थालाई कुनै हानि नोक्सानी पुग्न गएमा त्यस्तो कामबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत तोकिएको अधिकारी समक्ष क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदनका सम्बन्धमा तोकिएको अधिकारीले छानबिन तथा जाँचबुझ गर्दा हानि नोक्सानी भएको ठहऱ्याइएमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी पुऱ्याउने व्यक्ति,संस्था वा प्रस्तावकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(३) यस दफा बमोजिम क्षतिपूर्ति निर्धारण गर्ने आधार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१८. दण्ड सजायः** (१) यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) कसैले दफा ६ बमोजिम प्रस्ताव स्वीकृत नगराई वा स्वीकृत प्रस्ताव विपरीत कुनै कार्य गरेमा तोकिएको अधिकारीले दफा ७ मा उल्लेखित व्यवस्थाको अतिरिक्त त्यस्तो कार्य गर्ने व्यक्ति वा संस्थालाई कसूरको मात्रा एकिन गरि एक लाख रुपैयाँदेखि पच्चिस लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(३) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका विपरीत अन्य कुनै कार्य गरेमा तोकिएको अधिकारीले त्यस्तो कार्य तुरुन्त बन्द गराउन सक्नेछ र त्यस्तो कार्य कुनै व्यक्ति वा संस्थाले गरेको भए त्यस्तो व्यक्ति वा संस्थालाई कसूरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

१९. **पुनरावेदनः** तोकिएको अधिकारीले गरेको निर्णय वा आदेश उपर चित्त नबुझेमा सो निर्णय वा आदेश भएको मितिले पैंतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

२०. **कार्यविधि अपनाउनुपर्नेः** तोकिएको अधिकारीले यस ऐन बमोजिमको कुनै काम कारवाही गर्दा तोकिए बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

२१. **अधिकार प्रत्यायोजनः** मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार प्रदेश सरकारको कुनै निकाय, वातावरण निरीक्षक वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२२. **नियम, कार्यविधि तथा निर्देशिका बनाउने अधिकारः** प्रदेश सरकारले यस ऐनको कार्यान्वयनको लागि आवश्यक नियम, कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ ।

**प्रदेश सभाको सम्वत् २०७५ साल चैत्र महिना ५ गते मंगलबारका दिन बसेको बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको हुँदा नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।**

..............................

**मा. अर्जुन बहादुर थापा**
**सभामुख**
**सुदूरपश्चिम प्रदेश सभा**
**मितिः-** ..................

**सुदूरपश्चिम प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणिकरण गर्दछु ।**

............................
**मा. मोहन राज मल्ल**
**प्रदेश प्रमुख**

**मितिः-** ...........................